नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-:सार्वजनिक शान्ति बिरुद्धको कसूर ।

मि.नं.-५३२, दायर मिति-: २०८१।०१।२७

फैसला मिति- २०८१।०२।१४

वादी | प्रतिवादी

प्र.स.नि.गुलसन कुमार सिंह समेतको प्रतिवेदनले | परदेशी कुमार सिंह .........१

नेपाल सरकार...........................१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१. प्रतिवादीलाई भन्सार कार्यालयको वालमा चढिरहेको अवस्थामा पक्राउ गरी सम्झाई बुझाई गर्दा प्रहरीटोली माथी अपशव्द भाषाको प्रयोग गर्दै डिउटीमा अवरोध पुर्याएको भन्ने प्रहरी प्रतिवेदन।
२. प्रहरीले पक्राउ गरी सम्झाई बुझाई गर्दा प्रहरीटोली माथी अपशव्द भाषाको प्रयोग गर्दै डिउटीमा अवरोध पुर्याएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मलाई प्रहरीले पक्राउ गरी सम्झाई बुझाई गर्दा अपशव्द भाषाको प्रयोग गर्दै डिउटीमा अवरोध पुर्याएको पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. कर्तव्य पालनमा बाधा पुर्याएकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका रौसन साह समेतको घटनाविवरण कागज ।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र ।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

## ठहर-खण्ड

यसमा मिति २०८१।०१।०४ गते राती अं. २१:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज महनगरपालिका वडा नं. १६ स्थित प्रतिवादी परदेशी कुमार सिंहले भन्सार कार्यालयको वालमा चढ्न खोजिरहेको अवस्थामा फेला पारी निज प्रतिवादीलाई सम्झाई बुझाई गर्दा निज प्रतिवादीले उल्टै हामी प्रहरी टोली माथी अपशब्द भाषाको प्रयोग गरी गाली, गलौज गरी हातपात समेत गरी डिउटीमा बाधा अवरोध गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटना विवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी परदेशी कुमार सिंहलाई कैद दिन २३ र जरिवाना रु.५०००/- अक्षेरपी पाँच हजार गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा (१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा (२) बमोजीम प्रतिवादी परदेशी कुमार सिंहलाई ठहरेको कैद दिन २३ को हकमा निज मिति २०८१-०१-०४ देखि २०८१-०१-२६ सम्म हिरासतमा बसी भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.३५४/२०८१/०१/२८ गते दाखिला गरेको धरौटी रकम रु.५०००/- बाट जरिवान रकम रु.५०००/- कट्टी गर्नु ---------------------------------------------------------------------------------- १
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु---------------१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------------------------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ जेष्ठ महिना १४ गते सोमवार रोज २/ ने.सं. ११४४ बछलागा चतुर्थी, शुभम् ........

**यसमा** मिति २०८१।०१।०४ गते राती अं. २१:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज महनगरपालिका वडा नं. १६ स्थित प्रतिवादी परदेशी कुमार सिंहले भन्सार कार्यालयको वालमा चढ्न खोजिरहेको अवस्थामा फेला पारी निज प्रतिवादीलाई सम्झाई बुझाई गर्दा निज प्रतिवादीले उल्टै हामी प्रहरी टोली माथी अपशब्द भाषाको प्रयोग गरी गाली, गलौज गरी हातपात समेत गरी डिउटीमा बाधा अवरोध गरेको भन्ने प्रहरी प्रतिवेदन तथा  घटनास्थल मुचुल्का,  सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटना विवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी परदेशी कुमार सिंहलाई कैद दिन २३ र जरिवाना रु.५०००/- अक्षेरपी पाँच हजार गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ जेष्ठ महिना १४ गते सोमवार रोज २/ ने.सं. ११४४ बछलागा चतुर्थी, शुभम् ........